नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

# प्रेस विज्ञप्ति

नेपालका लागि अष्ट्रेलियाकी नवनियुक्त महामहिम राजदूत Ms. Leann Johnston ले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय श्री दामोदर भण्डारीज्यूसँग आज मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नुभयो। माननीय मन्त्रीज्यूले भेटघाटको क्रममा नवनियुक्त राजदूतलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै दुई देशबीचको सम्बन्ध थप बलियो हुने अपेक्षा व्यक्त गर्नु भयो। मन्त्री भण्डारीले सन् १९६० मा नेपाल र अस्ट्रेलियाको कूटनीतिक सम्बन्ध स्थापना भए देखि नै मित्रता, सहयोग र आपसी सम्बन्ध सौहार्दपूर्ण रहेको बताउनु भयो।

त्यसैगरी, माननीय मन्त्रीज्यूले अष्ट्रेलिया सरकारले नेपालको बहुआयामिक पक्षमा गरेको सहयोगप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुहुँदै नेपाल सन् २०२६ मा अति कम विकसित मुलुकबाट विकासशिल मुलुकमा स्तरोन्नति हुन गइरहेको सन्दर्भमा स्तरोन्नतिलाई सहज, दिगो बनाउन र दिगो विकासका लक्ष्य प्राप्तिका लागि थप स्रोत, प्रविधि र साझेदारी आवश्यक रहेको विचार व्यक्त गर्दै नेपालको व्यापार, लगानी तथा पर्यटन लगायतका क्षेत्रमा अष्ट्रेलियाको थप सहयोगको आवश्यकता रहेको विचार व्यक्त गर्नुभयो। साथै, नेपालमा लगानीका लागि प्रशस्त अवसर र सम्भावना रहेको बताउँदै माननीय मन्त्रीज्यूले सूचना प्रविधि, पर्यटन, जलविद्युत र कृषि लगायतका उद्योगमा अष्ट्रेलियाका लगानीकर्ताको लगानी बढाउन महामहिमको रचनात्मक भूमिकाको अपेक्षा समेत गर्नु भयो।

माननीय मन्त्रीज्यूले स्रोत, प्रविधि र साझेदारीका सन्दर्भमा व्यापार, लगानी र पर्यटन जस्ता क्षेत्रमा सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो । अष्ट्रेलिया नेपालको एक महत्वपूर्ण व्यापार साझेदार रहेको बताउँदै मन्त्री भण्डारीले दुई देशलाई फाइदा हुने गरी द्विपक्षीय व्यापार विस्तार गर्न आवश्यक रहेको समेत औंल्याउनु भयो।

महामहिम राजदुतले माननीय मन्त्रीज्यूलाई धन्यवाद दिनुका साथै नेपालको बहुपक्षीय र दिपक्षीय व्यापारका विविध पक्ष, नेपालले अवलम्बन गरेको विकास नीति तथा कार्यक्रमहरुको सहाहना गर्दै नेपालमा लगानी र नेपालको निर्यात प्रवर्धनमा सहयोग गर्न आफू इच्छुक रहेको बताउनु भयो। साथै, अष्ट्रेलियाबाट नेपालमा हुने विदेशी लगानीको प्रक्रियालाई थप सहज र सरल बनाउन आवश्यक रहेको विचार व्यक्त गर्नुभएको थियो ।त्यसै गरी नेपाल कम विकसित मुलुकबाट स्तरोन्नति हुने प्रक्रियामा पुर्णरुपमा सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

यसै सन्दर्भमा, दुई देशबीच गत फेब्रुअरी २०२४ मा सम्पन्न भएको व्यापार तथा लगानी सम्बन्धी खाका सम्झौता (TIFA) बाट दुई मुलुकबीच व्यापार र लगानीका क्षेत्रमा सहकार्यको लागि थप सहयोग पुग्ने र यस सन्दर्भमा सम्भाव्य क्षेत्रको पहिचान एवम् सोको अभिवृद्धि गर्न उक्त सम्झौता अन्तर्गतको संयन्त्रको पहिलो बैठक छिट्टै गर्ने विषयमा समेत छलफल भएको थियो।

उक्त भेटघाटमा मन्त्रालयका सम्बन्धित कर्मचारी, परराष्ट्र मन्त्रालयका प्रतिनिधि र दुतावासका पदाधिकारीको समेत सहभागिता रहेको थियो।

०८१/६/२६

सहसचिव/ प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np